# बारपाक सुलिकोट गाउँपालिका

# गाउँ कार्यापालिकाको कार्यालय

# ताकुकोट ,गोरखा

## बार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम

## प्रतिबेदन

## आर्थिक बर्ष २०७७/०७८

## वडा नं ७ र ८

## मिति २०७८/०३/३०

१.परिचय

सरोकारवाला सर्वसाधरण नागरिक र स्थानीय सरकारका पदाधिकारी बिच सार्वजानिक चासोको बिषयमा सार्वजानिक स्थलमा खुला छलफल गरी पारदर्शिता जवाफदेहिता प्रवर्द्धन गरी शुसासनको प्रत्याभुती गर्न सार्वजानिक सुनुवाइको महत्वपुर्ण भुमिका रहेको हुन्छ । स्थानीय सरकार र नागरिक बिच दोहोरो संवाद स्थापित गरी त्यसबाट देश बिकाशको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराइ पारदर्शिताको माध्यमबाट स्थानीय सरकारको बिकाश निर्माण कार्य र सेवा प्रवाहलाइ गुणस्तरिय तथा प्रभावकारी बनाइ जिम्मेवारीबोधको संस्कार बसाउन सार्वजानीक सुनुवाइको महत्वपुर्ण भुमिका रहेको हुन्छ

सार्वजानिक सुनुवाइ भन्नाले सरोकारवाला नागरिक तथा अधिकारमा बसेका स्थानीय सरकारका पदाधिकारी बिच सार्वजानिक चासोका बिषयमा सार्वजानीक थलोमा खुला छलफल गर्ने प्रक्रियालाइ जनाउछ । स्थानीय सरकारबाट सन्चालित बिकाश कार्याक्रम, उपलब्ध सेवा बस्तु र सुबिधा सार्वाजानिक गरी त्यस्ता बिषयका सम्वन्धमा सार्वजानिक थलोमा सेवाग्राहीले नागरिकले उठाएका प्रश्न जिज्ञाशाहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाइ ग्रहण गर्न तथा जिम्मेवारीबोधको संस्कार बसाउनका लागि सार्वजानिक सुनुवाइको उपादेयता रहेको हुन्छ ।

सार्वाजानिक सुनुवाइलाइ ब्यवस्थित बनाउन नेपाल सरकारले शुसासन (संचालन तथा ब्यवस्थापन) ऐन, २०६४ र शुसासन (संचालन तथा ब्यवस्थापन) नियमावली, २०६५ जारी गरी यस सम्वन्धि कार्यलाइ ब्यवस्थित बनाउन सार्वजानिक सुनुवाइ कार्यबिधि २०६७ जारी गरेको छ । सो कार्यबिधि बमोजिम सार्वजानिक सुनुवाइ गर्नको लागि कुनै परामर्श दातृ संस्था वा बिज्ञहरुको सहजीकरणमा कार्यक्रम सन्चालन गर्नु पर्ने ब्यवस्था भए तापनि कोभिड- १९ को महामारीको कारण सृजित असहज परिस्थितिलाइ मध्यनजर गरी यस बर्षको सार्वजानीक सुनुवाइ कार्यक्रम कार्यालयको रेखदेश र ब्यवस्थापनमा सन्चालन भएको थियो ।

मिति २०७८।०३।२७ गतेको गाउँ कार्यपालिकाको बैठकले बार्षिक वडा स्तरिय सार्वजानिक सुनुवाइ कार्याक्रम गर्ने निर्णय बमोजिम वडा नं ७ र ८ लाइ लक्षित गरी मिति २०७८।०३।२९ वडा नं ७ स्थित शैलपुत्री माध्यमिक बिद्यालयको परिसरमा वडा स्तरिय बार्षिक सार्वजानीक सुनुवाइ कार्यक्रम सम्पन्न भएको थियो ।

## २. सार्वजानिक सुनुवाइको औचित्य

शुसासन संचालन तथा ब्यवस्थापन ऐन २०६४ शुसासन संचालन तथा ब्यवस्थापन नियमावली २०६५ ले हरेक सार्वजानिक निकायहरुले आफ्नो संस्थाले बर्ष भरि सन्चालन र सम्पादन गरेका कार्यहरुको बार्षिक सार्वजानिक सुनुवाइ गर्नु पर्ने ब्यवस्था रहेको छ ।

बारपाक सुलिकोट गाउँपालिका को आर्थिक बर्ष २०७७।०७८ भरि सन्चालन भएका बिकाश निर्माणका कार्यहरु तथा  नागरिकहरुमा रहेका गुनासाहरु साथै आगामी दिनहरुमा सुधार गर्नको लागि लागि चाल्नुपर्ने कदमहरका बारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजानिक सुनुवाइ कार्यक्रमले सघाउ पुर्याउछ ।

## ३.कार्यक्रमको उद्देश्य

कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

- पारदर्शिता जवाफदेहिता प्रवर्द्धन गरी शुसासनको प्रत्याभुती गर्ने ।
- बारपाक सुलिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मातहत रहेका बिषयगत शाखा, वडा कार्यालय तथा  स्वास्थ एकाइहरुबाट सम्पादन गरिएका योजना तथा कार्यक्रमहरुको बारेमा सरोकारवाला नागरिकहरुलाइ जानकारी गराउने
- गाउँपालिकाको सार्वजानिक सेवा प्रवाहका सम्वन्धमा सर्वसाधरणसंग प्रत्यक्ष प्रतिक्रिया लिइ सम्वन्धित बिषयहरुमा प्रभावकारी सेवा प्रवाहका लागि ध्यानाकर्षण गराउने ।

## ४. कार्यबिधि

- मिति २०७८।०३।२७ को गाउँ कार्यपालिकाको निर्णय बमोजीम वडा नं ७ र ८ लाइ समेट्ने गरी सार्वजानिक सुनुवाइ गर्ने भनि निर्णय भएको,
- निर्णय बमोजिम सम्वन्धित वडा कार्यलयलाइ सरुवकारवालाइ उपस्थित गराउने बातावरण सृजना गर्ने भनि पत्रचार गरिएको ,
- तोकिएको ढाँचा अनुसार सहजकर्ताले कार्यक्रम ब्यवस्थापन तथा सन्चालन भएको ,
- संलग्न ढाचाँ बमोजिम प्रतिबेदन तयार गर्ने ।

आर्थिक बर्ष २०७७।०७८ को बार्षिक काम कारवाहीको बिषयमा मिति २०७८।०३।२९ गतेका दिन वडा नं ७ स्थित शैलपुत्री माध्यमिक बिद्यालयको परिसरमा कार्यक्रम सम्पन्न भएको थियो । कार्याक्रम दिउसो १ बजे सुरु भइ ५ बजे सम्म सन्चालन भएको थियो ।

## ५.प्राप्त उपलब्धीहरु

- गाउँपालिकाबाट सन्चालित बिकाश कार्याक्रम र उपलब्ध सेवा बस्तु तथा सुबिधा बारेमा सार्वसाधरुणलाइ जानकारी प्राप्त

- नागरिकबाट प्राप्त रचनात्मक सुझावलाइ ग्रहण गर्ने तथा जिम्मेवारी बोधको संस्कार बसाउने पद्धतिको बिकाश हुनेछ ।
- गाउँपालिकाको ध्यान नपुगेको ठाउँमा यस कार्यक्रमबाट ध्यान पुगेको पुनेछ ।
- पारदर्शिता जवाफदेहिता र उत्तरदायित्व प्रवद्धन गरी शुसासनको प्रत्याभुती गर्न गाउँपालिका र बिषयगत शाखाहरुलाइ ध्यानाकर्षण गराइएको

## ६. कार्यक्रममा रहेको उपस्थिति

यस कार्यक्रम शैलपुत्री माध्यमिक बिद्यालयको परिसरमा आर्थिक बर्ष २०७७/०७८ मा बर्ष भरि सम्पादन गरेका कार्यहरु र पुर्याएको सेवा सुबिधाको बारेमा सार्वजनिक सुनुवाइ गरिएको थियो । कार्यक्रमको अध्यक्षता गाउँपालिकाका अध्यक्ष बिष्णुप्रसाद भट्टले गर्नु भएको थियो त्यस्तै कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत श्री गौतम भण्डारीको समेत उपस्थित रहेको उक्त कार्यक्रमको सन्चालन योजना तथा अनुगमन अधिकृत श्री अजय सुबेदीले गर्नु भएको थियो । कार्यक्रममा राजनितिक दलका **प्रतिनिधि सर्वसाधरण नागरिक गरी ५० जनाहरुको उपस्थिति रहेको थियो ।**

## ७. कार्यक्रमका गतिबिधिहरु

मिति २०७८।०३।२९ गते गाउँपालिका अध्यक्ष बिष्णुप्रसाद भट्ट ज्युको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो भने उक्त कार्याक्रममा वडा नं ७ का वडा अध्यक्ष कृष्ण गुरुङले स्वागत मन्तब्य तथा प्रमुख प्रशासकिय अधिकृत गौतम भण्डारी ज्युले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो भने योजना अधिकृत श्री अजय सुबेदी ज्युले सहभागीहरुले पालना गर्नु पर्ने आचार संहिताको बाचन गर्नु भएको थियो ।

कार्यक्रममा उपस्थित हुनु भएका गाउँपालिकाका इन्जिनियर श्री अभिनव गौतम, रोजगार संयोजक गिता देवकोटा , शिक्षा अधिकृत श्री बसन्तराज भट्ट , कृषि प्राविधिक बिनोद बिश्वकर्मा ,पशु प्राबिधिक अमृत प्रसाद पोखरेल र स्वास्थ्य संयोजक श्री मोदराज भट्टले आफ्नो शाखाबाट बर्ष भरि भएका कामकारवाहीहरुको संक्षिप्त प्रस्तुति पेश गर्नु भएको थियो ।

यसरी बिषयगत शाखाका प्रमुखहरुको संक्षिप्त प्रस्तुति पश्चात सर्वसाधरण जनताको लागि जिज्ञाशा वा प्रश्नको लागि फ्लोर ओपन गरिएको थियो । जुन प्रश्नको बारेमा अनुसुचीमा प्रबिष्ठ गरिएको छ । नागरिकले उठाएका जिज्ञाशा उपर गाउँपालिका अध्यक्ष बिष्णुप्रसाद भट्ट, प्रमुख प्रशासकिय अधिकृत श्री गौतम भण्डारी तथा बिषयगत शाखाका प्रमुखहरु जवाफ पेश गरेका थिए ।

सार्वजानिक सुनुवाइ कार्यक्रममा क्रियाशिल राजनितिक दल प्रतिनिधिहरुले समेत मन्तब्य राखेका थिए कार्यक्रममा नेकपा माओवादी केन्द्रका गाउँपालिका अध्यक्ष श्री नरबहादुर गुरुङले आफ्नो पाटीको धारण राख्दै कर्मचारीहरु काममुखी भन्दा पनि भत्ता मुखिको भएकोले सार्वजानिक उत्तरदायित्व कमजोर हुनु पुगेको बताउदै करारका कर्मचारीलाइ तालिमको बिशेष ब्यवस्था गर्नु पर्ने बताउनु भयो । उनले प्रधानमन्त्री रोजगार कार्यक्रमलाइ प्रभावकारी बनाउन नसक्दा राज्यको लगानी बालुवामा पानी बराबर हुने होकि भनि आंशका ब्यक्त गर्दै गाउँपालिकाको समग्र कार्य सम्पादन भने सन्तोषजनक नै भएको बिचार ब्यक्त गर्नु भयो । नेपाली काङ्ग्रेसका वडा पाटी प्रतिनिधि बमबहादुर बरामले सन्तुलित बिकाशबाट नै जनअपेक्षा सम्बोधन हुने भएकोले सोहि बमोजिमका निति तय गर्न स्थानीय सरकार तत्पर हुनु पर्ने सुझाव ब्यक्त गर्नु भयो । नेकपा एमालेका गाउँपालिका पाटी प्रतिनिधि दलबहादुर भट्टले पनि मन्तब्य राख्नुहुदै गाउँपालिकाले सबै दलको भावना बमोजिम योजना तर्जुमा र कार्यन्वयन गर्नु पर्ने बिचार ब्यक्त गर्नु भएको थियो ।

## ८. निष्कर्ष तथा सुझावहरु

यसरी उल्लेखित सार्वजानिक सुनुवाइ कार्यक्रममा सेवाग्राहीहरु देहाय बमोजिमका राय सुझाव प्राप्त भएको थियो ।

- सार्वजानिक सुनुवाइ नियमित चौमासिक रुपमा गरिनु पर्ने,
- सार्वजानिक सुनुवाइ कार्याक्रम आम सहभागिता हुनु पर्ने,
- गाउँपालिकाबाट प्रवाह हुनु पर्ने सुचना आम नागरिकमा पहुँच हुनुपर्ने,
- गाउँपालिकाले पुर्वाधार निर्माणको कारण बिपद् जन्य घटना भइ जनधनको क्षति भएकोले यस तर्फ ध्यान दिने,
- सुचना अधिकारीको भुमिका प्रभावकारी बनाउनु पर्ने ,
- गरिबी र सीमान्तकृत समुदायको शसक्तिकरण गर्ने खालका निति तथा कार्यक्रम तय गर्नु पर्ने ,
- संस्थागत क्षमता बिकाशमा गाउँपालिकाले प्रयाप्त ध्यान दिनु पर्ने ।

## अनुसुची- १

| क्र.स. | प्रश्न तथा जिज्ञाशा कर्ताको नाम | प्रश्न तथा जिज्ञाशा | जवाफ दिने अधिकारीको नाम |
|---|---|---|---|
| १. | शैलेश घिताल<br>वडा नं ७ | बाहुनबेशी- धारपानी सिडिँ निर्माणमा पुरा परिमाणमा किन काम नभएको हो? | रोजगार संयोजक गीता देवकोटा, वडा नं ८ |

| | | | |
|---|---|---|---|
| | | | का वडा अध्यक्ष श्री कृष्णबहादुर गुरुङ । |
| २. | तोयानाथ घिताल प्रधानाध्यापक श्री मण्डली आधारभुत बिद्यालय | ➢ योजनामा किन सार्वजानिक सुनुवाइ अनिबार्य नगरेको हो ?<br>➢ पशु बिमा कार्यक्रम को प्रभावकारीता कायम गर्न गाउँपालिको प्रयाप्त ध्यान नगएको ?<br>➢ योजना को रकम निकाशमा प्रक्रियागत झन्झट रहेको यसलाइ सजिलो किन नबनाएको ?<br>➢ कृषि क्षेत्रमा बिउँ बिजन बितरण गर्दा निश्चित मापदण्ड किन पालना नगरिएको हो ?<br>➢ गाउँपालिका बाहिरबाट सन्चालित योजना को लागत अनुमान तथा कार्य मुल्याङ्कन बापत पालिकामा कार्यरत इन्जिनिरलाइ खटाए बापतको राजश्व तिर्नुपर्ने ब्यवस्था खारेज गर्नु पर्ने देखिन्छ । | अध्यक्ष बिष्णु प्रसाद भट्ट र पशु प्राबिधिक अमृत प्रसाद पोखरेल |
| ३. | वडा नं ८ प्रन्दुङ बस्ने लिलाराज अंगाइ | वडा नं ८ कार्यालयको नवनिर्मीत भवनको गुणस्तर परीक्षण भयो कि भएन ? | इन्जिनियर श्री अभिनव गौतम । |
| ४. | हरिप्रसाद लामिछाने मेलमिलाप सहजकर्ता | ➢ स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीहरु समयमा नै किन नआएका हुन ?<br>➢ प्रधानमन्त्री रोजगार कार्यक्रमका प्राबिधिक सहायक प्रबिण बिक जिम्मेवार नभएकोले निजलाइ | स्वास्थ्य संयोजक श्री मोदराज भट्ट,<br>रोजगार संयोजक श्री गीता देवकोटा ,<br>स्वास्थ्य संयोजक श्री मोदराज भट्ट |

| | | | |
|---|---|---|---|
| | | जिम्मेवारीबोधको भावना किन नगराएको हो ?<br>➢ गाउँपालिकाको दीर्घरोगीको संरक्षण तथा हेरचाहमा किन बिशेष ध्यान दिन नसकेको हो ?<br>➢ स्वास्थ्य चौकीमा बारम्वार औषधी अभाव हुदा पनि गाउँपालिका किन संबेदनशिल नभएको हो ? | वडा नं ८ स्वास्थ्य चौकीका इन्चार्ज श्री होमबहादुर परियार |
| ५. | वडा नं ८ बस्ने रामजी ढकाल | कोभिड- १९ को खोप कार्यक्रम को सुचाना प्रवाह प्रस्ट नहुदा सेवाग्राहीले अनावश्यक दुख बेहोर्नु परेको छ | स्वास्थ्य संयोजक श्री मोदराज भट्ट र गापा अध्यक्ष श्री बिष्णुप्रसाद भट्ट |
| ६. | वडा नं ८ बस्ने इश्वर बगाले,<br>युवा ब्यवसायी | गाउँपालिकाले गोवर जाँच गर्ने उपकरणको ब्यवस्था गर्नु पर्ने । | प्रा.स. अमृत प्रसाद पोखरेल र गा.पा. अध्यक्ष बिष्णुप्रसाद भट्ट |
| ७ . | श्याम प्रसाद वाग्ले<br>वडा नं ८,<br>शिक्षक थालिबारी आधारभुत बिद्यालय | पशु बिमा कार्याक्रमलाइ प्रभावकारी बनाउने बिषयमा गाउँपालिका किन संबेदनशिल नरहेको हो ? | प्रा.स. अमृत प्रसाद पोखरेल |
| ८. | हरिबहादुर कामी,<br>गाउँ कार्यपालिका सदस्य | बह्रमचारिणी आधारभुत बिद्यालय बिषयमा जिज्ञाशा राख्नु भएको थियो । | वडा नं ८ का वडा अध्यक्ष श्री कृष्णबहादुर गुरुङ |

अनुसुची - २

सार्वजानीक सुनुवाइ कार्यक्रमक झलकहरु


बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०७७/७८ को


बारपाक सुलिकोट गाउँपालिका
आर्थिक वर्ष २०७७/७८ को
सार्वजनिक सुनुवाई


बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०७७/७८ को
सार्वजनिक सुनुवाई
मिति : २०७८/०३/२९
स्थान : वडा नं ७/८




बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०७७/७८ को
सार्वजनिक सुनुवाई
मिति : २०७८/०३/२९ स्थान : वडा नं ७/८


बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०७७/७८ को
र्वजनिक सुनुवाई


बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०७७/७८ को
सुनुवाई
मिति :
वडा नं ७/८


बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०७७/७८ को
सार्वजनिक सुनुवाई
: २०७८/०३/२६
स्थान : वडा नं ७/८




बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०७७/७८ को
सार्वजनिक सुनुवाई
मिति : २०७८/०३/२६ स्थान : वडा नं ७/८









बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आर्थिक वर्ष २०७७/७८ को
सार्वजनिक सुनुवाई
मिति : २०७८/०३/२९